# बुढीगंगा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हात्तिमुडा, मोरङ ।

**१ नं प्रदेश नेपाल**

प.सं. ०७६/७७

मिति : २०७७/०३/१६

विषय :- **हाटबजार शु:ल्क तथा बिज्ञापन कर संकलन सम्बन्धी सिलबन्दी दरभाउ पत्रको सूचना ।**

यस गाउँपालिकाको क्षेत्र भित्र लाग्ने तपसिलमा उल्लेखित साप्ताहिक,दैनिक हाटबजारहरु र गाउँपालिकाको क्षेत्र भित्र बिभिन्न उद्योग,व्यापार,व्यवसायहरु (सुर्तीजन्य र मदिराजन्य पदार्थहरु बाहेक) को प्रचार प्रसार तथा ब्यापार व्यवसाय प्रवर्धनका लागि निजि तथा सार्वजनिक स्थानहरुमा राखिने होर्डिङ्गवोर्ड, फ्ल्याक्सवोर्ड, ब्यानर तथा भित्ते लेखनहरुमा राखिने विज्ञापन सामग्रीहरुमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा गाउँपालिकाको आर्थिक ऐनको अधिनमा रहि आ.व. २०७७/०७८ मा आन्तरिक आय व्यवस्थापनका लागि ठेक्का बन्दोबस्त मार्फत हाटवजार शुल्क तथा बिज्ञापनकर संकलन गर्नु पर्ने भएकोले देहायका शर्तहरुको अधिनमा रही इच्छुक व्यक्ति,व्यवसायिक फर्म, कम्पनी तथा संस्थाहरुले सूचना प्रकासित भएको मितिले ७ भित्र सिलवन्दी दरभाउ पत्र फारम पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**हाटबजार शुल्कको लागि**

**सूचना नं.०३।०७६।०७७**

| सि.नं. | हटियाको नाम र स्थान | ठेगाना | न्यूनतम बोलअंक (भ्याट बाहेक) रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सोमबार हटिया टंकी चौक | बुढीगंगा गा.पा.वडा नं.१ र २ | एकमुष्ठ रु .५,०००००।- (पाँचलाख) | |
| २ | शनिबार र बुधबार हटिया गंगाचौक | बुढीगंगा गा.पा.वडा नं.२ र ३ | | |
| ३ | बिहिबार हटिया बाँसबारी चौक | बुढीगंगा गा.पा.वडा नं.३ | | |
| ४ | आइतबार हटिया निमुवा चौक | बुढीगंगा गा.पा.वडा नं.४ | | |
| ५ | बिहिबार हटिया निमुवा चौक | बुढीगंगा गा.पा.वडा नं.४ | | |
| ६ | शनिबार,मंगलबार र शुक्रबार हटिया नहर चौक | बुढीगंगा गा.पा.वडा नं.५ | | |
| ७ | बुधबारे हटिया प्रहरी चौकी अगाडी | बुढीगंगा गा.पा.वडा नं.६ | | |
| ८ | शुक्रबारे हटिया कोयलपुर चौक | बुढीगंगा गा.पा.वडा नं.६ | | |
| ९ | आइतवार हटिया कोढिया चौक | बुढीगंगा गा.पा.वडा नं.६ | | |
| १० | आदिबासि हटिया हनुमान चौक | बुढीगंगा गा.पा.वडा नं.७ | | |
| ११ | सोमबार हटिया धरहरा | बुढीगंगा गा.पा.वडा नं.७ | | |
| १२ | बिहिबार हटिया बडहरा चौक | बुढीगंगा गा.पा.वडा नं.७ | | |
| १३ | आइतबार हटिया डल्लेपुल | बुढीगंगा गा.पा.वडा नं.७ | | |

**विज्ञापन करको लागि**

**सूचना नं.०४।०७६।०७७**

| सि.नं. | कर संकलन गर्ने स्थान | ठेगाना | न्यूनतम बोलअंक (भ्याट बाहेक)रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बुढीगंगा गाउँपालिकाको क्षेत्र भित्र | वडा नं १ देखि वडा नं. ७ सम्म | **रु .१,५००००।- (एकलाख पचास हजार )** | |

**सर्तहरु :**

१. गाउँपालिकाको स्विकृत दररेट अनुसार मात्र व्यवस्थित रुपमा ग्रामीण क्षेत्र भित्र लाग्ने साप्ताहिक अस्थायी घुम्ती पसलबाट हाटबजार शु:ल्क र विज्ञापन करको हकमा गा.पा.क्षेत्र भित्र टाँगिएका विज्ञापन कर्ताहरुबाट कर असुल गर्नु पर्नेछ ।

२. सिलबन्दि दरभाउपत्रमा भाग लिने व्यक्ति वा संस्थाले आफुले कबोल गरेको रकमको पाँच प्रतिशत रकम गाउँपालिकाको एन.आइ.सी. एसिया बैंक लि. मा रहेको धरौटी खाता नं. ६९ca५०११७५५२४००६ मा जम्मा गरेको सक्कलै भौचर वा सूचना प्रकाशित भएको मितिले १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंकको बैंक ग्यारेन्टी (बिड बण्ड) संलग्न गर्नु पर्नेछ ।

३. सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र गाउँपालिकाको कार्यालय हात्तिमुडा बाट रु.१०००।- (पछि फिर्ता नहुने) तिरि कार्यालय समयमा खरिद गर्न सकिने छ । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट सोहि समय भित्र खरिद गर्न सकिनेछ ।

४.सिलवन्दी दरभाउपत्र फारम सूचना प्रकाशन भएको मितिले ८ औं दिन दिनको १२ बजे भित्र गाउँपालिकाको कार्यालय हात्तिमुडामा पेश गर्नु पर्ने छ । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट सोहि समय भित्र पेश गरि सक्नु पर्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत

५.बोलपत्रमा शिलबन्दी लाहाछाप गरी बोलपत्रदाताको नाम ठेगाना र सम्पर्क नं. प्रष्ट लेखि कार्यालयको नाममा पेशगर्नु पर्नेछ । बोलपत्रसाथ व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र व्यवसायी फर्म वा संस्था भए ०७६/०७७ सम्म नविकरण भएको व्यवसायिक प्रमाणपत्र र ०७५/०७६ को कर चुक्ता प्रमाण पत्र समेत अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

६. ठेक्काको अवधि २०७७ श्रावण देखि २०७८ असार मसान्त सम्म ।

७. बोलकबोलको अंक स्विकृत भएपछि कबोल अकंको रकम ३ किस्ता सम्ममा बुझाउन सकिनेछ । सम्झौता गर्ने समयमा एकमुष्ट रकम बुझाएमा १०% छुट दिईनेछ । रकम बुझाउदा नगद ,चेक वा बैक जम्मा द्वारा बुझाउन सकिनेछ । किस्तामा बुझाउने बोलपत्र दाताले नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंकको २०७८ साउन मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ

८. म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

९.यस सूचनामा उल्लेखित कुरा यसै सूचना अनुसार र उल्लेख नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. बोल पत्रदाताले गाउँपालिकामा तिर्नु बुझाउनु पर्ने कर लगायतको बाँकी बक्यौता भए अनिवार्य बुझाएको हुनु पर्नेछ ।

११. बोलपत्र फारममा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरेको रकमलाई मान्यता दिइने छ ।

१२. ठेक्का स्विकृत गर्ने नगर्ने अधिकार गाउँपालिकामा निहित रहने छ ।

१३. ठेक्का अवधिमा बन्द हड्ताल आदि भएमा त्यस बापतको छुट मिनाहा दाबि गर्न पाइने छैन ।

१४. शु:ल्कको स्विकृत दर रेट गाउँपालिकाले उपलब्ध गराउनेछ ।

१५.यस गाउँपालिकाको सक्कल छाप र प्रमुख प्रशासकीय अधिकृतको दस्तखत नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।

१६.अन्य जानकारी आवश्यक भएमा यस कार्यालयमा सम्पर्क गर्न वा ९८४२०५००२६ मा सम्पर्क गर्न वा **WWW.budhigangamunmorang.gov.np** मा हेर्न सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत

बुढीगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हात्तिमुडा, मोरङ १ नं. प्रदेश, नेपाल